१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**डढेलोबाट बचौं र बचाऔं ।**

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन् त्यसैले,
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : १२३ ।। २०८१ जेठ ३१ गते बिहिबार (13th Jun 2024 Thursday) **Pratidin** National Daily मूल्य–रु.५/–

# गिरीबन्धुको जग्गा सट्टापट्टा असंभव छैन– संचालक

झापा(प्रस)। पछिल्लो समय राष्ट्रिय विवाद बनेको गिरीबन्धु टि इस्टेटका संचालकहरुले चिया बगानको जग्गा सट्टापट्टाको प्रक्रिया अप्ठ्यारो देखिएपनि असंभव नभएको बताएका छन् । उनीहरुले गिरीबन्धु टि इस्टेटको जग्गा सट्टापट्टाका लागि सात वटा आधार प्रस्तुत गर्दै जग्गा प्रकरणलाई हाउगुजीजस्तो नबनाउन आग्रहसमेत गरेका छन् ।

बुधवार बिहान बिर्तामोडमा पत्रकार सम्मेलन गरी गिरीबन्धु टि इस्टेटका संचालकहरुले सर्वोच्च अदालतले गरेको फैसलाको पूर्ण पालना गर्ने प्रतिवद्धता जनाउँदै सर्वोच्चले गरेको त्यही फैसलालाई नै टेकेर आफूहरु अर्को प्रक्रियाका लागि अगाडि बढ्ने बताए । टि इस्टेटका व्यवस्थापक निर्देशक छत्रबहादुर गिरीले गिरीबन्धु टि इस्टेट राज्यको सम्पत्ति नभएको स्पष्ट पारे । 'गिरीबन्धु टि इस्टेट राज्यको होइन,परिवारको हो ' उनले भने,' गिरीबन्धु टि इस्टेटलाई हाम्रो भनेर बुझिदिन आग्रह गर्दछु ।' उनीहरुले निम्न अनुसारको आधारहरु प्रस्तुत गरेका छन् ।

१) गिरीबन्धु टि इस्टेटले भूमि सम्बन्धी ऐन र नियम मिचेर जग्गा सट्टापट्टाको लागि निवेदन गरेको र नेपाल सरकार, मन्त्रिपरिषद्ले समेत कानून विपरीत निर्णय गरेको होइन तर मन्त्रिपरिषदबाट निर्णय गर्दा उल्लेख भए अनुसारको प्रकृयासम्म नपुर्याएको भने फैसला/आदेशमा उल्लेख भएको देखिन्छ ।

२) नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गर्दा पनि प्रचलित ऐन कानुन र नियमको परिधिभित्र बसेर निर्णय गरेको हुनाले यो गर्दा सर्वोच्च अदालतले गिरीबन्धुले पेश गरेको निवेदनमा आवश्यक पूर्वाधारहरु नदेखाएको भनी प्राविधिक कारणहरुले मात्र त्रुटिपूर्ण भएको भनी ठहर गरेको छ।




३) मिति २०३० सालमा मात्र पूर्व-पश्चिम राजमार्ग निर्माण सम्पन्न भएको हो। यो कम्पनी २०२० मा नै स्थापित कम्पनी हो। यो कम्पनी गिरीबन्धु परिवारको निजी जग्गामा चिया बगानको लागि प्रचलित कानून बमोजिम हदवन्दीसम्म छुट लिएको हो (यो जग्गा हाम्रो परिवारको निजी भएको प्रमाण हामीसंग सुरक्षित छ) । कम्पनी स्थापना हुँदा (६० वर्ष अगाडी) राजमार्गको अवधारणा समेत बनेको हुँदा अहिले आएर महँगो जग्गा बेचेर सस्तो जग्गा खरिद गर्ने चलखेल भयो भन्दै झुट्टा र भ्रामक समाचारहरु केही प्रिन्ट मिडिया तथा अनलाईन खवरहरुवाट प्रचार भैरहेको साथै सरकारले नै चिया खेतीको लागि गिरीबन्धुलाई सित्तैमा सरकारी जग्गा दिएको जस्तो भ्रमपूर्ण र गलत प्रचारवाजी तथा घोचपेचहरुमा तथा सामाजिक सञ्जालहरुमा सम्प्रेषण भैरहेको हुनाले यस कुराको वास्तविकता नबुझी उल्लेख भएको देखिन्छ । यस्तो गलत सभ्य र अफवाहमा नलागी दिनुहुन अनुरोध छ ।

४)२०२० सालमा कम्पनी स्थापना गरी संचालनमा आएको कारण सो ठाउँमा बस्ती विस्तार भै बिर्तामोड बजारको विकास भएको र यसरी बजारको विकास भएको कारण चिया बगान क्षेत्रमा समेत जबरजस्ती प्रवेश गर्ने चियाका बुट्टाहरु नास्ने मास्ने कार्य भएकाले चिया उत्पादनमा ह्रास आएको व्यहोरा जानकारी गराईन्छ ।

५) हाल आएर तीव्र गतिमा बिर्तामोड बजारको विकास भएको तथा बजार पूर्वतर्फ फैलिदै गएको, बगानसंगै अस्पताल, विद्यालय र तीव्र बजारीकरणको कारण चिया बगान क्षेत्रमा फोहोर मैला फाल्ने काम भएको, चियाका बुट्टाहरु काटी दाउराको रुपमा लैजाने गरेको, आत्महत्याको प्रकरण हुने गरेको, मृत जनावरहरु फाल्ने ठाउँ बनेको, किट्नाशक औषधी छर्नु परेको कारण स्थानीय मानिसहरुको स्वास्थ्यमा असर परेको र अन्ततः गाई बस्तु चराउने ठाउँ बन्न पुगेको अवस्थामा परिणत भएका कारण र एउटै स्थानमा लामो समयदेखि चिया बगान रही माटोको उर्वराशक्तिमा ह्रास आएकाले चिया उत्पादनमा सत्तरी प्रतिशतसम्म ह्रास आएको अवस्था भएकाले चिया मजदुरको रोजीरोटीमा समेत समस्या थपिदै गएको अवस्था छ ।

६) उल्लेखित अबस्था र परिस्थितिका कारण यस क्षेत्रबाट चिया बगान हटाउन निरन्तर जनदबाब आएको र स्थानीय जनतासंग राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु समेतको रोहबरमा छलफल हुँदा चिया बगान कायम राख्न तीव्र विरोध आएको कारण उक्त क्षेत्रबाट चिया बगान हटाउनु नै उपयुक्त हुने टुंगोमा पुगेर नै उपयुक्त ठाउँमा चिया बगानको व्यवस्था गर्ने गरी जग्गा सट्टापट्टाको लागि निवेदन गरिएको हो ।

७) सम्मानित अदालतबाट समेत चिया बगानको लागि सट्टाभर्नाको जग्गाको सुनिश्चितता, मजदुरको रोजीरोटीको समस्याबाट बञ्चित नगर्ने, सट्टा-भर्ना लिने जग्गाको मूल्यको आधार र चिया उत्पादनको लागि हदबन्दी छुट लिएकाले सोही प्रयोजनमा प्रयोग गर्नुपर्छ भनिएकाले आवश्यक प्रकृया पुरा गरेर यो सबै विषयको सुनिश्चतता गरेर नै उपयुक्त निर्णयमा यस गिरीबन्धु टि इस्टेट पुग्ने कुराको जानकारी गराउँदछौं ।

शहरभित्र चिया बगान रहन नहुने भन्दै टि इस्टेटका व्यवस्थापक निर्देशक छत्रबहादुर गिरीले यहाँ चिया नहुने भएकाले अन्यत्र सार्न खोजेको बताउँदै सार्न नदिने हो भने राज्यले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने दावी पेश गरे । उनले राज्यसंग क्षतिपूर्ति माग गर्न प्रक्रिया छिट्टै अगाडि बढाइने जानकारी दिए । पत्रकार सम्मेलनमा संचालकहरु भरतलाल गिरी , प्रशान्त गिरी , नवीन गिरी , समिर गिरी र श्याम गिरीको पनि उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन चन्द्रकान्त ढकालले गरेका थिए । गिरीबन्धु टि इस्टेट प्रा.लि. नेपालमा भूमिसुधारको व्यवस्था लागू हुनुअगावै

❖ बाँकी अन्तिम पृष्ठमा

# उपेन्द्रलाई राजनीतिबाट पत्तासाफ गर्ने चेतावनी

बिर्तामोड(प्रस) । जनता समाजवादी पार्टीका नेता प्रदिप यादवले अदालतबाट फैसला भएको २४ घण्टाभित्र उपेन्द्र यादवको दम्भ पत्तासाफ हुने बताएका छन् ।

स्वास्थ्यमन्त्री समेत रहेका यादवले संघीयताका विषयमा उपेन्द्र खुलेर बोल्न नसकेको र कार्यकर्ताहरुसँग योजना माग्दा कमिशन बिना काम नगरेको हुँदा उनलाई छाड्न बाध्य भएको बताए ।

'संगठनको अध्यक्ष भएपछि कार्यकर्तामाथि गरेको पीडा हामीले बुझेका छौं । उनको यो दम्भ सधैंका लागि नासिएर जान्छ' उनले भने ।

झापा जिल्ला भेला तथा रुपान्तरण कार्यक्रमअन्तर्गत बुधबार बिर्तामोडमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले १७ वर्ष आफूहरुलाई झुल्याएको र कार्यकर्ताहरुको भावनामा ठेस पुर्‍याएको कारण उनलाई गलत्याएर नै निकालेको बताए ।

उनले बीरगञ्जका मेयरलाई मात्र होइन, समाजवादीबाट मुख्यमन्त्री बनेकालाई समेत आफ्नो अण्डरमा पारेर पुतलीलाई नचाएजस्तै गरेको दुर्व्यवहार अब मधेसवादी कार्यकर्ताहरुले राम्ररी बुझेको हुँदा अदालतको फैसलापछि उनी बढारिने ठोकुवा गरे ।

मन्त्री यादवले नेता अशोक राईको सालिन व्यवहारप्रति सम्मान गर्नुपर्ने बताउँदै अशोक राईले पद दुरुपयोग गरेर राष्ट्रलाई क्षति पुर्‍याउने काम नगरेको बताए । अशोक राईप्रति गुन गाउँदै मन्त्री यादवले भने,' जिल्ला जिल्लाबाट के के काम गर्न सकिन्छ । जिल्लाको सिफारिसमार्फत आउनुहोस् । त्यसको सहयोगको लागि २४ सैं घण्टा तयार रहने छु ।'

रुपान्तरण अभियानका अध्यक्ष दिपेनवाला राईको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि रणधोज कन्दङवाले संघीयताभित्रको पहिचान झुन्ड झुन्डबाट प्राप्त नहुने बताउँदै उपेन्द्रको भरमा परेर पीडित नबन्न सबैलाई आह्वान गरे ।

कार्यक्रममा राजनीतिक समितिका सदस्य रमेश राई, आङकाजी शेर्पा, आरसी तुम्सा, प्रदेश सांसद निर्मला तावा आदिले उपेन्द्रको राजनीतिक दृष्टिकोण वर्तमान जनतालाई दिने अधिकार नभएको बताए ।सोही दिन रुपान्तरणअन्तर्गत झापा जिल्लाको नयाँ कार्यसमिति चयन गरिएको छ । अध्यक्षमा समर राई, उपाध्यक्षमा सन्तोष गणेश, ज्ञानेन्द्र कुरुम्बाङ, सचिवमा रोम घिमिरे, उपसचिवमा लक्ष्मी सुब्बा, चिजा राई, कोषाध्यक्षमा गीता राई रहेका छन् । सदस्यहरुमा हर्क खालिङ, उदय गुरुङ, रमन राजवंशी, बालकुमार भुजेल, बासुदेव राई, पल्टन ताजपुरीया, विष्णु महतो, सुदिप थुलुङ, प्रेम थुलुङ, चित्रबहादुर राई, राजेश देवान, साम मोहम्मद मिया, अमला राई, पूर्णकुमारी मगर राईलगायत २५ जना रहेका छन् ।

# किर्ते नागरिकतामा संलग्न दुई पक्राउ

झापा(प्रस) । अर्कैको नागरिकतामा आफ्नो फोटो टाँसेर दुरुपयोग गर्ने झापा कमल गाउँपालिका-५ बस्दै आएका भारतीय नागरिक ३२ वर्षीय सम्सुल मन्सुरीलाई प्रहरीले पक्राउ गरेको छ । मन्सुरीसहित झापा प्रहरीले नागरिकता दुरुपयोग गर्ने कार्यमा सहयोग गर्ने कमल-५ का ४० वर्षीय सुमन चापागाईँलाई पक्राउ गरेको छ ।



बिहार मोतिहारी थाना केतवाड- ५ घर भई कमल गाउँपालिकामा सिरक डसना बनाउने काम गर्दै आएका मन्सुरीले मो. फिरदौस अन्सारीको नागरिकताको विवरणसँग मिल्ने विवरण भरी फोटो टाँसी नागरिकता किर्ते गरी नेपाली नागरिकता बनाएको उजुरीका आधारमा प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालयका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । सोही नागरिकताको प्रयोग गरेर कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. मा खाता खोलेको, उक्त नेपाली नागरिकता प्रयोग गरी कमल-५ मा ११ धुर जग्गा खरिद गरेको, जन्मदर्ता, विवाह दर्ता लगायतका कागजात समेत बनाइसकेको डीएसपी चन्दको भनाई छ ।

मो.फिरदौस अन्सारीको नागरिकता विवरण दुरुपयोग गरेको भन्ने सूचनाको आधारमा मन्सुरीलाई नियन्त्रणमा लिई घर कोठा तथा उनको शरीर रितपूर्वक खानतलासी गर्दा नागरिकताको विवरणसँग हुबहु (जस्ताको त्यस्तै) मिल्ने विवरण भएको नागरिकता फेला परेको उनले जनाए । जेठ २२ गते उनीहरूलाई दमक ६ बेलडाँगी रोडबाट नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# कुवेत आगलागीमा ४९ जनाको मृत्यु

## पाँच नेपाली श्रमिकले झ्यालबाट हाम्फालेर ज्यान जोगाए

झापा(प्रस) । कुवेतको माग्फास्थित एक लेवर क्याम्पमा आगलागी हुदाँ ५ जना नेपालीले झ्यालबाट हाम्फालेर ज्यान जोगाएका छन् । यो आगलागीमा परी मृत्यु हुनेको संख्या ४९ जना पुगेको छ । मृत्यु हुने श्रमिकहरु को कुन देशका हुन् भनेर पहिचान भइसकेको छैन ।

आगलागी भएको भवनबाट हाम्फालेर ज्यान जोगाएका सिरहाका शिवशंकर पासवान र झापाका दोर्जे लामा हुन् । हाल उनीहरु स्थानीय आदान अस्पतालमा उपचाररत छन् । हाम्फालेर भाग्दा घाइते भएकामध्ये तीन जनाको अस्पतालमा उपचार भइरहेको छ । जसमा शिवगञ्ज झापाका दोर्जे लामा, सिरहाका शिवशंकर पासवान, दिनेशकुमार मण्डल, सन्तोषकुमार गोटी र जाकिर नदप रहेका छन् ।

लामा, मण्डल र पासवानको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । गोटी र जाकिरलाई अस्पतालमा भर्ना गरिएको छैन । 'आगलागी हुँदा म दुईतलामाथि थियौं । भुँईतलाबाट आगलागी भयो । धुवाँको मुस्लोले कोठा भरियो', नेपाली दूतावासका अधिकारीहरुसमक्ष लामाले भने, ' कोठामा लुगा सुकाउने डोरी थियो । त्यो डोरीबाट विस्तारै बिस्तारै तल झर्‍यौ ।'

लामा र पसवानलाई अदान अस्पतालमा भर्ना गरिएको छ । पासवानले आफूहरु तल्लो तलामा रहेकोले बाँच्न सफल भएको बताए । 'म तल्लो तलामा नै थिएँ । धुवाको मुस्लो आएपछि ढोकाबाट बाहिर आउने अवस्था भएन । क्याम्पको झ्याल फोरेर भाग्न सफल भयौं,' पासवानले भने ।

उनीहरुलाई भेट्न नेपाली दूतावासका प्रथम सचिव सुजन बिडारी र श्रम सहचारी गिरी आचार्य अस्पताल पुगेका थिए । कुवेतको एनविटिसी कम्पनीमा कार्यरत श्रमिकहरु वस्ने क्याम्पमा आगोलागी भएको थियो । कुवेत सरकारले आगोलागीमा परी मृत्यु भएको राष्ट्रियता पहिचान गरिसकेको छैन ।

नेपाली दूतावासको अनुसार आगलागीमा नेपाली श्रमिक परे वा नपरेको बिषयमा खोजी भइरहेको जनाएको छ । 'दूतावासको टोली क्याम्प र अस्पतालमा खटाइएको छ । प्रहरी र कम्पनीको ब्यवस्थापनसँग समुन्वय भइरहेको छ,' घटनास्थलमा पुगेका बिडारीले भने ।


बुधवार बिहान ४ः ३० बजे क्याम्पको तल्लो तलको एउटा कोठाबाट आगो सल्किएको थियो । कम्पनीमा करिव एकसय ९६ जना श्रमिक वस्दै आएका छन् । जसमा सबैभन्दा बढी भारतीय श्रमिकहरु रहेका छन् । ४८ जना घाइतेहरुलाई फर्वानिया, जहरा र अलअदान अस्पतालमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।



# 'नेपाल अध्ययन'को पढाइ नेपालीमा, प्रश्नपत्र अंग्रेजीमा

झापा(प्रस) । स्नातक तह चौथो वर्षको नेपाल अध्ययन विषयको प्रश्नपत्र अंग्रेजीमा सोधेको भन्दै त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले आपत्ति जनाएका छन् । मंगलबार भएको नेपाल अध्ययन (एनपीएस ४०४) विषयको परीक्षामा प्रश्नपत्र अंग्रेजीमा सोधिएको भन्दै विद्यार्थीहरूले आपत्ति जनाएका हुन् ।

उक्त विषयको परीक्षा पहिलो पटक भइरहेको हो । यसको अध्ययन समेत पहिलो पटक भएको त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायले जनाएको छ । उक्त विषयको सम्पूर्ण कोर्स समेत नेपाली भाषामा नै बनाइएको छ । त्यस्तै पाठ्यक्रम तथा पठनपाठन समेत नेपाली भाषामै हुने गरेको छ । तर, परीक्षामा प्रश्नपत्र भने अंग्रेजीमा सोधिएको भन्दै विद्यार्थीहरूले आपत्ति जनाएका हुन् ।




मानविकी तथा सामाजिक शास्त्र संकायकी डीन प्राडा कुसुम शाक्यले पहिलो पटक भएकोले यस्तो भएको बताइन् ।

'नेपाल अध्ययन नेपालको समग्र अध्ययन भएकाले यो विषयमा अङ्ग्रेजीमा प्रश्न आउनु स्वाभाविकै हो । यसमा विद्यार्थीहरूले कुरा उठाइरहेका छन् । त्यो त्यति सान्दर्भिक देखिँदैन,' उनले भनिन् । एक विद्यार्थीले सबै कुरा नेपालीमै पढेको तर, प्रश्नपत्र अंग्रेजीमा सोधिएको बताए ।'मैले नेपालको संविधान नेपाली भाषामा पढे । किनकि कोर्स समेत नेपालीमै थियो । पढाई पनि नेपाली भाषामै भयो । तर, परीक्षामा प्रश्नपत्र भने अङ्ग्रेजीमा आयो । मेरो गुनासो अंग्रेजीमा प्रश्नपत्र आयो भन्दा पनि विद्यार्थीलाई किन झुक्क्याएको भन्ने हो,' ती विद्यार्थीले भने ।

# दस महिनामा भित्रियो सात अर्ब वैदेशिक लगानी

झापा(प्रस) ॥ दस महिनामा मुलुकमा सात अर्ब रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्रिएको छ । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख महिनासम्म छ अर्ब ९८ करोड रुपैयाँ भित्रिएको हो । गत वर्ष सो अवधिमा चार अर्ब ३६ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको थियो ।

गत वर्षको १० महिनाको तुलनामा चालु आवको १० महिनामा दुई अर्ब ६२ करोड रुपैयाँ बढी भित्रिएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाएको छ ।

चालु आवको १० महिनामा पुँजीगत ट्रान्सफर १७.२ प्रतिशतले कमी आई पाँच अर्ब २६ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष सो अवधिमा पुँजीगत ट्रान्सफर छ अर्ब ३६ करोड रुपैयाँ कायम भएको थियो ।

नीतगत सुधारसँगै चालु आवको सुरुवातदेखि नै मुलुकमा भित्रिने वैदेशिक लगानीमा सुधार हुँदै आएको तथ्याङ्कले देखाएको छ ।

उद्योग विभागका अनुसार चालु आवको १० महिनामा ३०७ परियोजनामार्फत ४१ अर्ब ३८ करोड विदेशी लगानी स्वीकृत भएको छ । जसमा सबैभन्दा धेरै सेवा क्षेत्रमा १०३ परियोजना, पर्यटनमा १४४ परियोजना स्वीकृत भएका छन् । उत्पादनमूलकमा ३४, पूर्वाधारमा सात, कृषिमा सात र सबैभन्दा कम खानीजन्य दुई परियोजना स्वीकृत भएका छन् । विदेशी लगानीबाट एक हजार ७८३ जनालाई रोजगारी उपलब्ध गराउने प्रस्ताव गरिएको




छ ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार चालु आवको फागुनसम्म स्वीकृत वैदेशिक लगानीमध्ये ऊर्जामूलक क्षेत्रमा २७.२३ प्रतिशत, सेवामूलक क्षेत्रमा २७.२४ प्रतिशत, पर्यटन क्षेत्रमा २२.४४ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १५.६० प्रतिशत लगानी रहेको छ । पूर्वाधार उद्योगमा सबैभन्दा कम विदेशी लगानी स्वीकृत भएको छ ।

२०८० फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका परियोजनामध्ये कुल लगानीका आधारमा सबैभन्दा बढी लगानी चीनको ४४.४ प्रतिशत र भारतको २२.२ प्रतिशत रहेको छ । लगानी स्वीकृत संख्याका आधारमा समेत सबैभन्दा बढी चीनको ३८.७ प्रतिशत र भारतको १३.८ प्रतिशत रहेको छ । प्रतिबद्धताको ३० देखि ३५ प्रतिशत विदेशी मुलुकमा भित्रिने गरेको पाइएको छ ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार सुरुदेखि हालसम्म विदेशी लगानी धेरै स्वीकृत भएका उद्योगमा पर्यटन र सेवामूलक उद्योग रहेका छन् । सर्वेक्षण अनुसार सुरुदेखि हालसम्म छ हजार १११ उद्योगमा चार खर्ब ७८ अर्ब ८५ करोड रुपैयाँ विदेशी लगानी प्रस्ताव आएकोमा सबैभन्दा धेरै दुई हजार ६४ वटा पर्यटन उद्योगमा एक खर्ब सात अर्ब ४५ करोड रुपैयाँ प्रस्ताव आएको छ । यस्तै दोस्रो सेवामूलक उद्योगमा दुई हजार ४५ उद्योग स्वीकृत भएकोमा एक खर्ब ३० अर्ब ४४ करोड रुपैयाँ प्रतिबद्धता आएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

यस्तै उत्पादनमूलक एक हजार ३२३ उद्योग स्वीकृत भई ७४ अर्ब ७२ करोड रुपैयाँ प्रस्ताव आएको छ । यस्तै कृषि तथा वनजन्य उद्योग तीन सय दर्ता भई आठ अर्ब ४७ करोड रुपैयाँ प्रस्ताव आएको छ । यस्तै १४४ वटा सूचनामूलक उद्योगमा १३ अर्ब चार करोड रुपैयाँ स्वीकृत भएको छ । ९२ वटा ऊर्जामूलक उद्योगमा १३ अर्ब ७३ करोड लगानी स्वीकृत भएको छ । सबैभन्दा कम ७५ वटा खनिज उद्योगमा आठ अर्ब ३३ करोड विदेशी लगानी स्वीकृति भएको छ ।

नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षणले आव २०७८/७९ को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात दुई खर्ब ६४ अर्ब ३३ करोड रहेको देखाएको छ । नेपालमा सबैभन्दा बढी भारतबाट ८८ अर्ब ५९ करोड, चीनबाट ३३ अर्ब ४५ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६२.६ प्रतिशत औद्योगिक क्षेत्रमा र ३७.३ प्रतिशत सेवा क्षेत्रमा देखिन्छ ।

## गिरीबन्धुको...

मिति २०२०साउन २६ मा स्थापित देशकै ज्येष्ठ उद्योगहरु मध्येको एक हो। यो उद्योग स्थापित हुँदा गिरीबन्धु परिवारको नाममा रहेको निजी जग्गामा स्थापना भएको हो । देशमा २०२१ सालमा भूमिसुधार लागू भई सोपश्चात् मात्र जग्गामा हदबन्दी लागू भएको हो । आफ्नो निजी जग्गा भएर पनि भूमिसम्बन्धी ऐनको पालना गर्दै गिरीबन्धु टि इस्टेटले २०२९ सालमा आएर चिया बगानको लागि हदबन्दी छुट लिएको हो। चिया बगान रहेको क्षेत्रमा भैरहेको बस्ती विकास र बजारीकरण समेतको कारणले चिया बगान सञ्चालनमा कठिनाई भइरहेको अवस्थामा संसदबाट पारित नै लागु रहेको भूमिसम्बन्धी ऐनको आठौं संशोधनलाई आधार बनाई यस गिरीबन्धु टि इस्टेटले नेपाल सरकारलाई जग्गा सट्टापट्टाको लागि निवेदन गरेकोमा यस गिरीवन्धु टि इस्टेटलाई २०७८ बैशाख १३ मा नेपाल सरकारको मन्त्रिपरिषद्बाट निर्णय भई आवश्यक मापदण्ड पुरा गरी जग्गा सट्टापट्टा गर्ने इजाजत दिएको थियो ।

सरकारको सो निर्णयलाई लिएर विभिन्न मितिमा विभिन्न व्यक्तिहरुले यस गिरीबन्धु टि इस्टेटसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएकोमा अदालतको संवैधानिक बेन्चबाट २०८० माघ २४ गते सट्टापट्टाको विपक्षमा फैसला आएको हो ।



# बलात्कार आरोपमा युवक पक्राउ

झापा(प्रस) । भोजपुरको हतुवागढीबाट प्रहरीले बलात्कारमा संलग्न रहेको आरोपमा एकजना युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हतुवागढी गाउँपालिका-९ बस्ने २५ वर्षीय रिठ्ठे भन्ने विशाल मगर रहेका छन् । मगरले १४ वर्षीय बालिकालाई जबरजस्ती करणी गरेको आरोप छ । बालिकाको घरनजिकैको गोठमा उनले वैशाख ७ साँझमा बलात्कार गर्दा गर्भ समेत रहेको जाहेरीको आधारमा आरोपीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।विशालविरुद्ध ५ दिनको म्याद लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ ।


## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


## प्रेस वक्तब्य

गिरीवन्धु टिइस्टेट प्रा.लि. नेपालमा भूमिसुधारको ब्यवस्था लागू हुनुअगावै मिति२०२०/०४/२६मा स्थापित यस देशमा भएका ज्येष्ठ उद्योगहरु मध्यको एक उद्योग हो । यो उद्योग स्थापित हुँदा गिरी-वन्धु परिवारको नाममा रहेको निजी(नम्बरी) जग्गामा स्थापना भएको हो । देशमा २०२१ सालमा भूमिसुधार लागू भई सो पस्चात मात्र जग्गामा हदबन्दीलागू भएकोहो । आफ्नो निजी जग्गा भएरपनी भुमी सम्बन्धी ऐन को पालना गर्दै गिरी-वन्धु टिइस्टेटले२०२९ सालमाआएर चियाखेती(बगान) को लागि हदवन्दी छुटलिएको हो। चिया बगान रहेको क्षेत्रमा भै रहेको बस्ती विकास र बजारीकरण समेतको कारणले चिया बगान सञ्चालनमा कठिनाई भईरहेको अबस्थामा सम्मानित संसदबाट पारित भै लागु रहेको भूमिसम्बन्धी ऐनकोआठौं संसोधनलाई आधा रबनाई यस गिरी-वन्धु टि इस्टेटले नेपाल सरकार लाई जग्गा सट्टापट्टाको लागि निवेद नगरेकोमा यसगिरी-वन्धु टि इस्टेटलाई मिति २०७८/०१/१३ मा नेपाल सरकार, मन्त्रीपरिषद् बाट निर्णय भै आवस्यक मापदण्ड पुरा गरी जग्गा सट्टापट्टा गर्ने इजाजत दिएको थियो। नेपाल सरकारको मिति२०७८/०१/१३को निर्णयसमेतको बिषयलाई लिए रविभिन्न मितिमा विभिन्न व्यक्तिहरुबाट यस गिरि-बन्धु समेतलाई विपक्षी बनाई सर्वोच्चअदालतमा रिट-निवेदन दर्ता गराएकोमा सम्मानित अदालतको संबैधानिक बेञ्चबाट मिति २०८०/१०/२४ मा फैसला/आदेश भएको अवस्थाछ । उक्तमिति२०८०/१०/२४ गते भएको फैसला/आदेशको प्रकरणनं.१२ हेर्दा रिट निवेदकहरुले जम्मा३ वटा निम्नलिखित माग गरी मुद्दा दिएको देखिन्छ:-

१. भूमी सम्बन्धि ऐन२०२१ को आठौं संसोध नतथाभुमीसम्बन्धि नियममा थपिएका प्रावधानहरु नेपालको संविधानमा रहेका प्रावधान प्रतिकूल छन्वा छैनन्? उल्लेखित प्रावधान अमान्य घोषित गर्न पर्ने वा नपर्ने केहो?

२. गिरि वन्धुले हदवन्दी छुटपाएको जग्गासट्टा-पट्टावास्थानान्तरण गर्नस्वीकृति दिने नेपा लसरकार,मन्त्री परिषद्बारा भएको निर्णय लगायत कामकारवाही कानून अनुकूल छन्वा छैनन्? उल्लेखित निर्णय बदर हुने वा नहुने के हो?

३. रिट निवेदन को माग बमोजिम प्रत्यर्थी को नाममा उत्प्रेषण वा परमादेश, प्रतिशोधलगायतको आदेश जारी हुने हो वा होइन?

सोमिति२०८०/१०/२४ को फैसलाको प्रकरण नं.२० मा भूमिसम्बन्धिऐन२०२१ को आठौ संसोधनले व्यवस्था गरेको प्रावधानहरु लगायत भूमिसम्बन्धी नियमका प्रावधानहरु नेपालको संविधानमा रहेको प्रावधानहरुसंग बाझिएको अवस्था नदेखिंदा, सो भूमिसम्बन्धि ऐन र नियममा रहेका संशोधित प्रावधानलाई अमान्य र बदर भनी घोषित गरिरहन परेन भनी व्याख्या भएको देखिन्छ । यसले गर्दा संशोधित ऐन तथा नियम बदर घोषित नभएको कुरा प्रष्ट नै छ ।

सोहि फैसलामा गिरी-वन्धु टि इस्टेटले विद्यमान भूमि सम्बन्धि ऐन तथा निय मबमोजिमसट्टा-पट्टा (स्थानान्तरण) को लागि दिएको निवेदन उपर नेपालसरकार,मन्त्रीपरिषद्ले मिति२०७८/०१/१ ३मा "जग्गा सट्टपट्टा गर्न स्विकृतीदिने" भनी गरेको निर्णय प्रकृयागत रुपमा त्रुटीपूर्ण रहेको ठहर गरेको छ । साथै सोमन्त्रीपरिषद्को निर्णय बदर गर्ने हदसम्मको लागी रिट जारी गरेको अबस्था देखिन्छ ।अदालतको उक्त फैसला/आदेश हेर्दा मन्त्रीपरिषद्ले उक्त निर्णय गर्दा केही आधारभुत कुराको बिषयमा ध्यान नदिई निर्णय भएको (जस्तैः चिया बगान सञ्चालनको लागी सट्टभर्ना दिने जग्गा नदेखाएको, चिया खेतीयोग्य जमिनको वाताबरणीय प्रभाव मुल्याङ्कन नगरीएको, मज्दुरहरुको रोजगारीको सुनिष्चितता नदेखिएकोर मुल्यका दृष्टिले कुनै धारणासम्म बनाउन नमिल्ने जस्ता प्राविधिककारण)भन्ने देखिएको छ । यस सम्बन्धमा केही प्रष्ट पार्नुपर्ने भएकाले यहाँहरु समक्ष यो प्रेस बिज्ञप्ती जारी गरिएको छः

१)गिरी-वन्धु टि इस्टेटलेभूमिसम्बन्धी ऐन रनियम मिचेर जग्गा सट्टा-पट्टाको लागी निवेदन गरेको र नेपाल सरकार,मन्त्री परिषद्ले समेत कानून बिपरीत निर्णय गरेको होइन तर मन्त्री परिषदबाट निर्णय गर्दा माथी उल्लेख भए अनुशारको प्रकृया सम्म नपुर्याएको भन्ने फैसला/आदेशमा उल्लेख भएको देखिन्छ ।

२ नेपालसरकार, मन्त्रीपरिषद्ले निर्णय गर्दा पनि प्रचलित ऐन कानुन र नियमको परिधी भित्र बसेर निर्णय गरेको हुनाले सो गर्दा सर्वोच्च अदालत ले गिरि-वन्धुले पेश गरेको निवेदनमा आवस्यक पुर्वाधारहरु नदेखाएको भनी प्राविधिक कारणहरुले मात्र त्रुटिपूर्ण भएको भनी ठहर गरेको छ ।

३)मिति २०३० सालमा मात्र पूर्व-पश्चिम राजमार्ग निर्माण सम्पन्न भएको हो । यो कम्पनी२०२०मा नैस्थापित कम्पनी हो । यो कम्पनी गिरी-बन्धु परिवारको निजी जग्गामा चिया बगानको लागी प्रचलित कानून बमोजिम हदवन्दीसम्म छुट लिएको हो (यो जग्गा हाम्रो परिवारको निजी भएको प्रमाण हामीसंग सुरक्षीत छ)। कम्पनी स्थापना हुंदा (६० बर्ष अगाडी) राजमार्गको अबधारणा समेत नबनेको हुंदा अहिले आएर महंगो जग्गा बेचेर सस्तो जग्गा खरिद गर्ने चलखेल भयो भन्दै झुठ्ठा र भ्रामक समाचारहरु केही प्रिन्ट, मिडिया तथा अनलाईन खबरहरुबाट प्रचार भैरहेको साथै सरकारले नै चिया खेतीको लागी गिरी-बन्धुलाई सित्तैमा सरकारी जग्गा दिएको जस्तो भ्रमपुर्ण र गलत प्रचारबाजी तथा घोच-पेचहरुमा तथा सामाजिक सञ्जालहरुमा सम्प्रेषण भैरहेको हुनाले यस कुराको वास्तबिकता नबुझी उल्लेख भएको देखिन्छ । यस्तो गलत तथ्य र अफावहमा नलागी दिनुहुन अनुरोध छ ।

४)२०२०सालमा कम्पनी स्थापना गरी सञ्चालनमा आएको कारण सोठाउँमा बस्तीविस्तारभैविर्तामोड बजारको विकासभएकोर यसरी बजारको विकास भएको कारण चिया बगान क्षेत्रमा समेत जबरजस्ती प्रबेश गर्ने चियाका बुट्टाहरु नास्ने मास्ने कार्य भएकाले चिया उत्पादनमा ह्रास आएको ब्यहोरा जानकारी गराईन्छ ।

५) हाल आएर तिब्र गतीमा विर्तामोड बजारको विकासभएको तथा बजार पुर्बतर्फ फैलिदै गएको, बगानसंगै अस्पताल, बिद्यालय र तिब्र बजारीकरणको कारण चिया बगान क्षेत्रमा फोहोरमैलाफाल्ने भएको, चियाका बुट्टाहरु काटी दाउराको रुपमा लैजाने गरेको, आत्मा हत्याको प्रकरण हुने गरेको, मृत जनावरहरु फाल्ने ठाँउ बनेको,किटनाशक औंषधी छर्नु परेको कारण स्थानीय मानिसहरुको स्वस्थ्यमा असर परेको रअन्ततःगाईवस्तु चराउने ठाउँ बन्नपुगेकोअबस्थामा परिणत भएका कारण र एउटै स्थानमा लामो समयदेखी चिया बगान रही माटोको उर्बर शक्तीमा ह्रास आएकाले चिया उत्पादनमा ७०% (सत्तरी प्रतिशत) सम्मह्रास आएको अबस्था भएकाले चिया मज्दुरको रोजीरोटीमा समेत समस्या थपिदै गएको अबस्था छ ।

६) उल्लेखित अबस्था र परिस्थितीको कारण त्यस क्षेत्रबाट चिया बगान हटाउन निरन्तर जन दवाब आएको र स्थानीय जनताहरुसंग राजनितीक दलका स्थानीय प्रतिनिधीहरु समेतको रोहबरमा छलफल हुंदा चिया बगान कायम राख्न तिब्र बिरोध आएको कारण उक्त क्षेत्रबाट चिया बगान हटाउनु नै उपयुक्त हुने टुङ्गोमा पुगेर नै उपयुक्त ठाऊमा चिया बगानको ब्यवस्था गर्ने गरी, जग्गा सट्टा-पट्टाको लागी निवेदन गरिएको हो ।

७) सम्मानित अदालतबाट समेत चिया बगानको लागी सट्टा-भर्नाको जग्गाको सुनिश्चतता, मज्दुरको रोजीरोटीको समस्याबाट बञ्चीत नगर्ने, सट्टा-भर्ना लिने जग्गाको मुल्यको आधारर चिया उत्पादनको लागी हदबन्दी छुट लिएकाले सोही प्रयोजनमा प्रयोग गर्नुपर्छ भनिएकाले आबश्यक प्रकृया पुरा गरेर यो सबै बिषयको सुनिश्चतता गरेर नै उपयुक्त निर्णयमा यस गिरी-बन्धु टि इस्टेट पुग्ने कुराको जानकारी गराउदछौं ।

अन्तमा बिभिन्न अफावह, भ्रम र राजनितीक खिचातानीको बिषय यसलाई नबनाउनु हुन बिनम्र अनुरोधका साथ यो बिज्ञप्ती सुनिदिनु भएकोमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छौं ।

धन्यवाद ॥

**गिरी-बन्धु टि इस्टेट प्रा.लि.**


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर वार्ड नं.-१०मा बस्ने श्री नकुलचन्द्र सिं राजवंशीका छोरा,श्री संजीत राजवंशीको मिति वि.सं.२०८१/०२/०३ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय धुलाबारीमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती शेपा राजवंशीले मिति वि.सं.२०८१/०२/२५मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार उत्तरः श्री कृष्ण श्रेष्ठको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री प्रमिला भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९ ००४० | ८७४, ८८२ | ११०. ०५ | २०८०/ ०८ /२८ | २०८०/ ०८ /२८ | २०८१/ ०२/२८ |



### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः सुराना पाठक र पीरती तामाङ्गको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री गोमा भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १८०/ १२१ | १००० | ९९२. ७५ | २०८०/ १२ /२२ ९३९४ | २०८०/ १२/३२ | २०८१/ ०१/२८ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# वायु प्रदूषणबाट बचौं

प्रदूषित हावामा धुलोका कण तथा हानिकारक ग्यास मिसिएको हुन्छ। श्वास लिँदाखेरि हावासँगै त्यसमा मिसिएका कण तथा हानिकारक ग्यास पनि फोक्सो भित्र प्रवेश गर्दछ। जसले विभिन्न स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

धुलोका अत्यन्त साना कण तथा हानिकारक ग्यास फोक्सोको माध्यमबाट रक्तसञ्चार प्रणालीमा प्रवेश गरी शरीरका अन्य भागमा समेत क्षति पुऱ्याउन सक्छ। वायु प्रदूषणले निम्त्याउने स्वास्थ्य समस्या तत्कालीन र दीर्घकालीन हुन्छन्।

तत्कालीन असरमा आँखा पोल्ने, नाक चिलाउने, रुघा लाग्ने, घाँटी खसखस गर्ने, खोकी लाग्ने, खकार आउने, श्वास फेर्न गाह्रो हुने, छाला चिलाउने आदि हुन्। प्रदूषणले अप्रत्यक्ष रूपमा श्वासको संक्रमणको जोखिम पनि बढाउँछ र निमोनियाजस्ता घातक रोग लाग्न सक्छ। कसैलाई पहिलादेखि नै श्वासप्रश्वाससम्बन्धी रोग भएमा त्यसलाई पनि गम्भीर नकारात्मक असर पार्दछ।

प्रदूषित स्थानमा लामो समयसम्म बस्दाखेरि त्यसले श्वासप्रश्वास प्रणाली र शरीरमा गम्भीर समस्या सिर्जना गर्न सक्छ। प्रदूषणबाट हुने दीर्घकालीन समस्यामध्ये प्रमुख रोग दम नै हो। यसका साथसाथै फोक्सोको क्यान्सर, उच्च रक्तचाप, हृदयाघात, मस्तिष्काघात, मुटुको चाल अनियमित हुनेजस्ता समस्या पनि देखिन सक्छ। वायु प्रदूषण बालबालिका र गर्भवती महिलाका लागि पनि त्यत्तिकै खतरनाक छ। त्यसकारण वायु प्रदूषणबाट बच्न विशेष रूपले गर्भवती महिला र बालबालिकाले ध्यान दिनुपर्दछ। शिशु महिना नपुगी जन्मने, जन्मिँदा तौल कम हुने, मस्तिष्क विकासमा कमी हुने, पछि गएर श्वासप्रश्वासको समस्या देखिन सक्दछ।

व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वायु प्रदूषण न्यूनीकरणका लागि गम्भीर रूपमा लाग्न आवश्यक छ। यसले कुनै व्यक्ति, वर्ग वा समुदाय छुट्याउँदैन।

सहरी क्षेत्रको कुरा गर्दा प्रदूषण बढ्ने विशेष समय भनेको बिहान र साँझ हो। यो समयमा सकेसम्म घरबाहिर ननिक्लने। सकेसम्म प्रदूषण कम हुने समयमा निस्कने। निस्कनै परेमा मास्क प्रयोग गर्ने। सामान्यतः सर्जिकल मास्कले सुरक्षा दिन नसक्ने हुँदा एन नाइन्टी फाइभ मास्क लगाउनुपर्छ। यसले ९५ प्रतिशतसम्म कणहरूलाई छेक्न सक्छ, यद्यपि हानिकारक ग्यास र अत्यन्त सूक्ष्मकणबाट भने बचाउन सक्दैन।

ग्रामीण क्षेत्रका हकमा प्रदूषणको मुख्य कारण भनेको घरभित्रबाट हुने प्रदूषण, जस्तैः दाउरा, गुइँठा मट्टीतेलको चुलो आदिमा खाना पकाउने इन्धन हो र त्यसको न्यूनीकरण गर्न सुधारिएको चुलो प्रयोग गर्ने, भान्छामा धुवाँ जम्मा नहुने किसिमले वायु सञ्चारको व्यवस्था मिलाउने, स्वच्छ ऊर्जा प्रयोगमा बढी जोड दिने आदि हो।

वनजंगल वन्यजन्तुको साझा घर हुनुका साथै स्वच्छ हावाको स्रोत पनि हो। यसको संरक्षणमा विशेष जोड दिनु आवश्यक छ ।

# योजना कार्यान्वयनमा जवाफदेहिता



• डा. ठाकुरप्रसाद भट्ट

राम्रो योजना बनाउनु, आकर्षक बजेट प्रस्तुत गर्नुले मात्र स्थितिमा फेरबदल ल्याउन नसक्ने रहेछ भन्ने तथ्य विगतको अनुभवले प्रस्ट पारेको छ। हाम्रो मूल समस्या कार्यान्वयनको देखिएको छ। तथापि हामी राम्रोभन्दा राम्रो योजना र बजेटको जति कुरा गर्छौं तर त्यही स्तरमा कार्यान्वयनतर्फ ध्यान दिँदैनौं। अझ भनौं, आर्थिक वर्षको लामो समयसम्म कार्यान्वयनको सवाल सतहमा आउँदैन। जब आवको अन्त्यतिर पुग्छौं, अनि पुँजीगत खर्च हुन सकेन भनेर चर्चा हुन थाल्छ। विकास योजनाका काम अगाडि बढाउन दबाब दिने काम हुन्छ। कार्यान्वयनको यस्तो अवैज्ञानिक हचुवा तवरको शैली दशकौंदेखि चलिरहेको छ तर यसमा खासै सुधार हुन नसकेको तितो यथार्थ हाम्रासामु छ।

कार्यान्वयन मूलतः जटिल विषय हो किनकि यो धेरै किसिमका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तत्वबाट प्रभावित हुन्छन्। कार्यान्वयन विज्ञानका विज्ञले यसलाई खास गरी दुई वटा अभ्यासमा वर्गीकरण गर्ने गरेका छन्। माथिबाट तल (टपडाउन) जाने र तलबाट माथि (बटमअप) तिर जाने पद्धति। माथिबाट तल जाने पद्धतिलाई असफल पद्धति मानिन्छ किनकि यसले माथि निर्णय गरेर स्रोतसाधनको व्यवस्था गरेपछि कार्यान्वयन सहजै हुने सरल रेखामा हुने कार्यान्वयनको मान्यता लिएको हुन्छ। जबकि तलबाट माथि जाने पद्धतिले जहाँ कार्यान्वयन हुने हो त्यहाँका सरोकारवालाको परामर्श र निर्णय नै जरुरी हुन्छ भन्ने मान्यता राख्छ। हाल आएर दुवै विधिलाई संश्लेषण गरेर प्रभावकारी कार्यान्वयनको पद्धति बनाउन सकिन्छ भन्ने मतको विकास भएको पाइन्छ। जे होस् कार्यान्वयन विज्ञानबाट शिक्षा लिएर जटिल सामाजिक परिवेशमा नीति, योजना, कार्यक्रम तथा परियोजनाको प्रभावकारी कार्यान्वयन गर्नु सरकारको मूल जिम्मेवारी हो। यसका लागि तल्लो तहबाट पृष्ठपोषण लिएर तथ्यमा आधारित भएर नीति तथा योजनाको तर्जुमा र कार्यान्वयन गर्नका लागि हाम्रो जस्तो सङ्घीय प्रणालीमा सरकारका सबै तहबिच समन्वय र सहकार्यको व्यावहारिक अभ्यास जरुरी हुन्छ।

कार्यान्वयनमा मुख्य भूमिका सरकार हाँक्ने राजनीतिक नेतृत्वको हो। यो सवाल सङ्घ, प्रदेश र स्थानीय सबै तहका सरकारमा रहेका राजनीतिक नेतृत्वमा लागु हुन्छ। राजनीतिक नेतृत्व र कार्यान्वयनमा संलग्न कर्मचारीतन्त्रलगायत सबैले बुझ्नु पर्ने तथ्य कार्यान्वयन असफल हुनुमा एउटा मूल कारण अस्पष्टता रहेको हुन्छ भन्ने हो। हामी नीति, योजना, कार्यक्रम तथा परियोजना तर्जुमा गर्छौं, तर तिनको कार्यान्वयन कसरी गर्ने भन्ने स्पष्ट खाका कमै बनाउने गर्छौं। जब कार्यान्वयनको योजना स्पष्ट हुँदैन तब कार्यान्वयन लथालिङ्ग हुन पुग्छ। त्यसै गरी कार्यान्वयनको सवालसँग अभिन्न तवरले जोडिएको विषय हो जवाफदेहिता। हामीसँग कार्यान्वयनको स्पष्ट योजाना नहुँदा जवाफदेहिता त्यसै ओझेलमा परेको छ। फेरि यो स्पष्ट योजनाका लागि को जवाफदेही छ भन्ने सवाल सुरुमै स्वतः आउँछ। यसको जवाफदेहिता राजनीतिक नेतृत्वमा नै रहेको हुन्छ। जबसम्म राजनीतिक नेतृत्वले कार्यान्वयनबारे स्पष्ट भएर जवाफदेहितासहितको कार्यान्वयनको योजना बनाउन भूमिका खेल्न सक्दैन तबसम्म कार्यान्वयन प्रभावकारी हुन सक्दैन।

हामी कार्यान्वयनको संयन्त्रबारे नसोचेर नै विकासका योजना तथा सेवाप्रवाहको योजना घोषणा गरिदिन्छौं। फलस्वरूप कतिपय ठाउँमा पूर्वाधार बन्ने तर सेवा प्रवाह नहुने अवस्था छ भने वर्षौंसम्म निर्माणाधीन अवस्थामै अलपत्र हुन पुगेका संरचना देख्न सकिन्छ। यसको एक मात्र दृष्टान्त काठमाडौंकै कालीमाटीमा विष्णुमति नदी माथि बनेको पुललाई लिन सकिन्छ। यो पुल बनिसकेर पनि सञ्चालनमा छैन। भनिन्छ, यसको गुणस्तर नपुगेर प्रयोगमा रोक लगाइएको हो। किन यसको निर्माणाधीन अवस्थामा नै गुणस्तर हेरिएन, काम रोकिएन र सम्पन्न भइसकेपछि मात्र रोकियो? यसका लागि को को जवाफदेही हुनु पर्छ? यस्ता सवालबारे स्पष्ट नभइकन थालिने कुनै पनि योजनाको कार्यान्वयन सदैव फितलो नै हुन जान्छ।

कार्यान्वयनका लागि राजनीतिक नेतृत्वको समग्र जिम्मेवारी हुने भए पनि यसको खास जिम्मेवारी कर्मचारीतन्त्रमा नै रहेको हुन्छ। आखिर जनताको करबाट सञ्चालन हुने गरी कर्मचारीतन्त्रको स्थापना गरिएकै विकास र सेवा प्रवाह अनि जनताको सुरक्षाका लागि हो। तथापि हाम्रो कर्मचारीतन्त्रमा जवाफदेहिताको पूर्ण अभाव छ। वास्तवमा राजनीतिक नेतृत्वको हकमा जवाफदेहिता धेरै जसो अवस्थामा नैतिकताको सवाल हुने गर्छ र गैरजवाफदेही राजनीतिक नेतृत्वलाई लोकतन्त्रमा जनताले निर्वाचनको माध्यमबाट दण्डित गर्ने गर्छन्। कर्मचारीतन्त्रको हकमा जवाफदेहिता बाध्यकारी हुनु पर्छ। यसको पालना नभएको खण्डमा दण्डित गर्ने नीति अनुसरण गरिनु पर्छ तर यस्तो पद्धतिको स्थापना र अभ्यास नहुँदा कार्यान्वयनमा ढिलासुस्ती र अनियमितता हुँदा पनि त्यसको समयमा निराकरण गरी अघि बढ्ने अवस्था रहेको छैन। देशैभरि विकासका अलपत्र योजना र सुस्त गतिमा भइरहेका कामले हाम्रो कार्यान्वयनको अवस्था नाजुक रहेको देखाउँछ।

यस्तै अवस्थामा हालै सोह्रौं योजना र आगामी आव २०८१/८२ को बजेट प्रस्तुत भएको छ। साथै यी योजना तथा बजेटबारे अधिकांशको सकारात्मक धारणा रहे पनि यिनको कार्यान्वयनमा कस्तो हुने हो भन्ने नै छ। किनभने हामीलाई कमजोर कार्यान्वयनको विगतको अभ्यासले निराश बनाएको छ। हामी भने योजना र बजेटलाई राम्रो, आकर्षक र महत्वाकाङ्क्षी बनाउन लागिरहेका छौं तर कार्यान्वयनबारे ठोस योजना अगाडि सार्न सकिरहेका छैनौं। विगतकै प्रचलनमा आदेश निर्देश दिएर कार्यान्वयनलाई धकेल्ने हाम्रो प्रवृत्ति देखिन्छ। यसका लागि राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, विज्ञ र नागरिक समाजको समेत प्रतिनिधित्व गराई कार्यान्वयनलाई प्रभावकारी र जवाफदेहीपूर्ण बनाउनेबारे अझै बहस चल्न सकेको छैन। लगानी आकर्षण गर्न भनेर हामी लगानी सम्मेलन त गर्छौं तर कार्यान्वयनको शैलीमा सुधार गरेर कार्यान्वयनको वातावरण अनुकूल बनाउने सवालमा लगानीकर्ता र दातालाई विश्वस्त बनाउन सकिरहेका छैनौं।

सोह्रौं योजनाले प्रमुख कार्यक्रम र परिणात्मक लक्ष्य प्रस्तुत गरेको छ तर ती कार्यक्रम र लक्ष्य प्राप्त गर्न ठोस कार्ययोजना दिन सकेका छैनौं। विगतदेखि नै योजनाका दस्तावेजमा अवस्थाको विश्लेषण, चुनौती, रूपान्तरणकारी नीति आदिको बारेमा चर्चा त गर्ने गरिएको छ तर हामीमा सबभन्दा कमजोर रहेको कार्यान्वयनको पक्षबारे ध्यान दिन सकिएको छैन। सोह्रौं योजनाको शासकीय सुधार तथा सुशासन प्रवर्धन खण्डको विकास व्यवस्थापनमा सुशासन अन्तर्गत विकासका ठुला योजना, सामाजिक क्षेत्र र सेवाप्रवाहसँग सम्बन्धित कार्यको प्रभावकारी कार्यान्वयन गर्ने भनिएको छ तर त्यसबारे ठोस कार्ययोजना र जवाफदेहिताको उल्लेख छैन। समग्रमा भन्नु पर्दा हाम्रा नीति, योजना, कार्यक्रम, परियोजना बन्ने गरेका छन् तर तिनको कार्यान्वयनका लागि जवाफदेहितासहितको ठोस कार्ययोजना बन्ने गरेको छैन।

यो बुझ्न सकिन्छ कि पञ्चवर्षीय योजनाको एउटै दस्तावेजमा योजना कार्यान्वयनको विस्तृत कार्ययोजना दिन सम्भव नहोला तर हाम्रो विगतको अभ्यासले हाम्रा लागि योजना तर्जुमाको दस्तावेज मात्र भएर पर्याप्त छैन त्यो योजनामा उल्लिखित कार्यक्रम र परिणात्मक लक्ष्य हासिल गर्न कार्यान्वयनको ठोस कार्ययोजना पनि चाहिन्छ। हुन सक्छ, यसका लागि पञ्चवर्षीय योजनाको कार्यान्वयनका लागि हेरक क्षेत्रगत मन्त्रालय र निकायबाट आआफ्नो क्षेत्रको कार्यान्वयनका लागि कार्ययोजना समाहित गरिएको एउटा छुट्टै किताबलाई पञ्चवर्षीय योजनाको अङ्गका रूपमा तयार गरिनु पर्छ। यही कुरा बजेटको हकमा पनि लागु हुन्छ। हालै प्रस्तुत बजेटमा बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रका कार्यक्रम भनेर आकर्षक तवरमा प्रस्तुत गरिएको छ तर आकर्षक योजना र स्रोतसाधनको विनियोजन गरेर मात्र पर्याप्त नहुने तथ्य विगतको लामो अनुभवले देखाएको छ।

अबको हाम्रो आवश्यकता तथ्यमा आधारित अनुगमन तथा मूल्याङ्कनसहितको कार्यान्वयन पद्धतिको हो। जवाफदेहितासहितको कार्यान्वयनको प्रत्याभूति दिएर कार्ययोजना बनाउन जरुरी छ। यो नयाँ अभ्यासको थालनी गरेर मात्र हाम्रा नीति, योजना, कार्यक्रम तथा परियोजनाको कार्यान्वयनमा विगतमा रहेका कमजोरीमा परिवर्तन र सुधार गरी सोह्रौं योजनाले अङ्गीकार गरेको सुशासन, सामाजिक न्याय र समृद्धिको सोच पूरा गर्न सकिने छ।

# सरकारबिच समन्वय



• पुण्यप्रसाद भट्टराई

सरकारले सोह्रौं पञ्चवर्षीय योजना पारित गरेको छ। करिब ७० दशकको इतिहास बोकेको योजना प्रणालीमा राष्ट्रिय योजना आयोगले निर्माण गरेको यस योजनाले संघीयताको स्वरूप अनुरूप अधिकार र जिम्मेवारी अनुसार विकास नीति र योजना व्यवस्थापनको मार्गदर्शन प्रदान गर्नु पर्छ। कतिपय अवस्थामा संघ र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तह र सङ्घबिच नै विकास परिचालनमा देखिएका केही द्वन्द्वले हाम्रा विकास नीति र योजनामा समन्वयको अवस्था कमजोर छ भन्ने देखाउँछ। यस्ता समन्वय कमजोर भएका कारण उठेका विवाद समाधान गर्न संविधानले परिकल्पना गरेको संयन्त्र परिचालन हुनुभन्दा अघि यस्ता समस्याका पूर्वसावधानीका संयन्त्र परिचालित हुने गरी विकास नीति र योजना निर्माण गरिनु आवश्यक छ।

संविधानको धारा २३४ मा सङ्घ र प्रदेशबिच तथा प्रदेश-प्रदेशबिच उत्पन्न राजनीतिक विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्को व्यवस्था गरिएको छ। यसमा प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकरका गृहमन्त्री, अर्थमन्त्री र प्रदेशका मुख्यमन्त्री सम्मिलित रहने व्यवस्था छ। यसले नीतिका उद्गमबिचमा रहने नीतिगत मतभेद समाधान गरी नीतिगत समन्वय गर्ने आशा गर्न सकिन्छ। त्यसै गरी धारा २२० मा जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्न; विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्न जिल्ला समन्वय समितिको व्यवस्था रहेको छ। तीन तहका सरकारबिचको उर्ध्वमुखी र क्षितिजीय क्षेत्रगत अधिकारको विवाद समाधान गर्न धारा १३७ मा संवैधानिक इजलासको व्यवस्था गरिएको छ।

संविधानको धारा २५० मा संविधान र कानुनको मार्गदर्शन अनुरूप तीन तहका सरकारबिच सङ्घीय सञ्चित कोषबाट राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा तयार गर्न; राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानको आधार तयार गर्न; समानीकरण अनुदानसम्बन्धी सिफारिस गर्न; तीन तहको सरकारको राजस्व असुलीमा सुधारका उपाय सुझाउन; तहगत सरकारहरूले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्न र प्राकृतिक स्रोत परिचालनमा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्न तथा प्राकृतिक स्रोत बाँडफाँटमा उत्पन्न हुन सक्ने विवाद निवारणका लागि समन्वय गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। यस आयोगले सरकारका नीतिको कार्यान्वयनका लागि तथा विकास आयोजनामा लगानीका लागि स्रोत वितरण र उपयोगको नीतिगत समन्वय गर्ने काम गर्छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिच अन्तर सरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श र समन्वय गर्न नेपाल सरकारको अर्थमन्त्रीको संयोजकत्वमा प्रदेश अर्थमन्त्री, गाउँपालिका, नगरपालिका प्रमुख तथा उपप्रमुखहरू समेत रहने गरी अन्तरसरकारी वित्त परिषद्को व्यवस्था रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ ले प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको उपयोग र बाँडफाँटसम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाका प्रमुख तथा उपप्रमुखसमेत रहेको प्रदेश समन्वय परिषद्को व्यवस्था गरिएको छ। यसबाट एक प्रदेशभित्रको नीति तथा विकास योजनालाई रणनीतिक ढङ्गबाट साझेदारी गर्ने र राष्ट्रिय नीति तथा योजनासँग तादात्म्य राख्न अहम् भूमिका खेल्ने अपेक्षा गरिएको छ।

उपर्युक्त संवैधानिक तथा कानुनी प्रावधानका साथै नेपाल सरकारको विकास नीति तथा विकास योजना परियोजनाबिच समन्वय गर्न राष्ट्रिय योजना आयोगलाई समन्वयात्मक ‘थिङ्क ट्याङ्क’को रूपमा व्यवस्था गरिएको छ। राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश २०७४ को दफा ६(ग) मा सङ्घ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरणको जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई प्रदान गरिएको छ। यसै गरी राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक राष्ट्रिय विकास परिषद्को व्यवस्था रहेको छ। त्यसमा प्रधानमन्त्री, आयोगका उपाध्यक्षसहित नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, सङ्घीय संसद् समितिका सभापति, नेपाल राष्ट्र बैङ्का गभर्नरसहित प्रदेश सरकारका मुख्यमन्त्री, प्रदेश सरकारका योजना हेर्ने मन्त्री र जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रतिनिधि, निजी क्षेत्र र सङ्घ संस्थाका प्रतिनिधि रहने गरी एक बृहत् समन्वयकारी संयन्त्रको परिकल्पना गरिएको छ।

संविधानले तीन तहको सरकारको व्यवस्था गरी सङ्घीयताको अभ्यास सुरु गरेको दशक बित्दै छ। यी तहगत सरकार स्वायत्तताको कसीमा उम्दा छन्। सैद्धान्तिक रूपमा सन्निकटताको सिद्धान्त र अर्थतन्त्रको आयतन लाभलगायतको दृष्टिकोणले सङ्घीय सरकार केन्द्रीकृत सरकारभन्दा प्रभावकारी हुन्छ भन्ने विश्वास राखिन्छ। संविधानले नै राष्ट्रिय नीतिको सर्वोच्चतासहित समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अवलम्बन गरेको छ। यसै गरी राज्यशक्ति वा सरकारका जिम्मेवारीलाई संविधानको अनुसूची पाँचदेखि नौसम्म एकल र साझा अधिकारका रूपमा विभाजन गरिएको छ। यसलाई कार्यापालिकाले २०७३ सालमा थप विस्तृतीकरण र व्याख्या गरेको छ। हाल तत्कालीन विस्तृतीकरणमा पुनरवलोकन भएको छ।

उपर्युक्त कार्यलाई स्रोत अधिकार र जिम्मेवारीले सहज रूपमा पुष्टीकरण गर्ने प्रयास भएका छन्। यस सन्दर्भमा अविच्छिन्न रूपमा रहेको भूगोलमा अधिकार स्रोत र जिम्मेवारीलाई समन्वयात्मक र पूरक ढङ्गबाट योजना र नीतिहरू निर्माण गर्न सकिएन भने तहगत वा एकाइगत सरकारबिच विकासमा साझेदारी प्राप्त हुन सक्दैन। यसका लागि संवैधानिक मार्गदर्शन, राष्ट्रिय नीति, कानुनी व्यवस्थाका बाबजुद यसको कार्यान्वयनमा अभूतपूर्व उत्साह र प्रयासको खाँचो छ।

नेपालमा विकास नीति योजना समन्वय प्रणाली हालसम्म गहन रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन। एकात्मक राज्यको स्वरूपमा स्थापना भएको राष्ट्रिय योजना आयोगलाई गठन आदेश संशोधन गरी निरन्तरता दिइएको छ। यसका साथै प्रदेश सरकारहरूले समेत केन्द्रको अनुसरण गरेर प्रदेश योजना आयोगहरू गठन गरेको देखिन्छ। समन्वयका जुइनु तयार नगरी तहगत सरकारको स्वायत्तताको शक्ति प्रयोग गरेर गठन गरिएका यस्ता आयोगले संस्थाहरू थपिने तर राष्ट्रिय लक्ष्य पूरा गर्न सकारात्मक ढङ्गबाट अगाडि बढ्न नसकिने अवस्था सिर्जना हुन सक्छ। सङ्घीयता कार्यान्वयनको सुरुवाती अवस्थामा यो प्रयास जायजै देखिन्छ भने अबको बाटो यसलाई थप समन्वयकारी, परिमार्जित र प्रभावकारी बनाउनपर्ने देखिन्छ।

नेपालमा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले २०७९ मा सिफारिस गरे अनुसार मुख्यसचिवको अध्यक्षतामा प्रशासनिक समन्वय परिषद्समेत गठन भएको छ। यसले योजना र नीति कार्यान्वयनमा आउन सक्ने पृष्ठपोषणको उपयोग गर्ने र कतिपय प्रशासनिक समस्या समाधान गर्न सक्ने देखिन्छ। समग्र नीति र योजनाको सफलीभूत कार्यान्वयन गर्न निजी क्षेत्र र संस्थाहरूको समेत तहगत ढङ्गबाट अनौपचारिक समन्वय हुन आवश्यक हुन्छ। यसका लागि औपचारिक तथा अनौपचारिक मञ्चहरूको आवश्यकता देखिन्छ। राजनीतिक दलहरूको घोषणापत्र निर्माणमा तहगत आवश्यकताको समन्वयक प्रदर्शन, अनौपचारिक विकास कार्यगत एकता, तहगत सरकारबिचको नैतिक कार्यसंस्कार र स्रोतहरूको उपयुक्त ढङ्गबाट परिचालन गर्ने कार्यसंस्कृति निर्माण गर्न आवश्यक छ। राष्ट्रिय आवधिक योजनाको कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहबिच स्रोतगत, कार्यगत सहज सहकार्य र सहयोग हुन सके बिस्तारै सङ्घीयता कार्यान्वयन र विकास प्रयास सार्थक हुने देखिन्छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विद्यालयका चारजनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस) ।संखुवासभाको शारदा माध्यमिक विद्यालय हुम्लिङ्गका तत्कालीन प्रधानाध्यापक कृष्णहरि भट्टराई , विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपालकुमार अधिकारीसमेत चारजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानुनी लाभ तथा हानी पुऱ्याइ एवं सार्वजनिक सम्पत्ति हानीनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा प्रधानाध्यापक भट्टराईसहित चारजनाविरुद्ध बुधवार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार संखुवासभा धर्मदेवी नगरपालिका-४ मा रहेको शारदा माध्यमिक विद्यालयको खानेपानी आपूर्तिको लागि प्रदेश-१ बाट आर्थिक वर्ष २०७५/०७६ मा विनियोजन भएको रकम र पुस्तकालय व्यवस्थापनका लागि आर्थिक वर्ष २०७४/०७५ मा जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रकमबाट कुनै पनि कामको सुरुवात नै नगरी बिल भरपाइ मिलाइ रकम अनियमितता गरेको पुष्टि हुन आएकाले तत्कालीन प्रधानाध्यापक भट्टराई,शिक्षक लालबाबु मण्डल,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल अधिकारी र शाक्य अफसेट प्रेसका प्रोपाइटर केशवकुमार शाक्यविरुद्ध आरोपपत्र दायर गरेको जानकारी दिए।

उनका अनुसार प्रधानाध्यापक भट्टराईलाई ४ लाख ६० हजार ४५५,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अधिकरीलाई ३ लाख ४३ हजार,तत्कालीन शिक्षक मण्डललाई ३ लाख ३४ हजार र शाक्य अफसेट प्रेसका प्रोप्राइटर शाक्यलाई ४ लाख १० हजार ४५५ रुपैयाँ बिगो र सजाय माग गरिएको छ।

# पहिरोमा एकको मृत्यु, दुईजना घाइते



झापा(प्रस) ।संखुवासभाको चिचिला गाउँपालिका-३ सोलाखानीमा पहिरोले पुरिएर एक जनाको मृत्यु भएको छ भने अन्य दुईजना घाइते भएका छन् ।

मङ्गलबार रातिको अविरल वर्षापछि खसेको पहिरोमा परी अरुण तेस्रो जलविद्युत् आयोजनाका मजदुर बर्दियाका घोराभिट्टाका गङ्गाराम थारुको मृत्यु भएको तथा मकवानपुरका उमेश कार्की र गोविन्द थारू घाइते भएका प्रहरीले जनाएको छ ।

उनीहरू निदाएका बेला पहिरो खसेको हो । जलविद्युत् आयोजनाले कामदारका निम्ति निर्माण गरेका १४ वटा कोठामध्ये ३ वटा पुरिएका छन् ।

# माफी नमागे प्रतिवादमा उत्रने इस्टुको चेतावनी

भद्रपुर(प्रस) । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु)' झापाले प्याब्सन एन प्याब्सनको आडमा शिक्षक कर्मचारीप्रति बढ्दै गएको शोषण र दुर्व्यवहार नरोके उत्पन्न हुने परिस्थितिको सामना गर्न तयार रहन चुनौती दिएको छ ।

**संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु)**

विगतमा भएका सहमतिविपरित प्याब्सन, एन प्याब्सन नेतृत्वमै रहेकाहरूले शिक्षक कर्मचारीलाई दिनु पर्ने तलव नदिएर कार्यस्थलमै गई धम्क्याउने प्रवृत्ति अविलम्ब नसच्याए संस्थागत विद्यालय शिक्षक युनियन कडा प्रतिवादमा उत्रदा उत्पन्न हुने परिस्थितिको सामना गर्न चुनौती दिएको हो । जिल्ला अध्यक्ष होमराज खतिवडाले भद्रपुर प्याब्सनका अध्यक्षले सञ्चालन गरिरहेको विद्यालयमा कार्यरत शिक्षकालाई सहमति अनुसार दिनु पर्ने आठ महिनाको तलव विवाद श्रम तथा रोजगार कार्यालयमा विचाराधिन रहेकै अवस्थामा पूर्व सचिवलाई प्रयोग गरी हाल कार्यरत विद्यालय सञ्चालकलाई धम्क्याउने प्रयास भएकोप्रति खेद प्रकट गरेका छन् ।

अध्यक्ष खतिवडाले श्रम कार्यालयमा तलव विवादबारे २८ जेठमा हुने भनिएको छलफल विरामी भएको बहानाले सार्न लगाएर भद्रपुर प्याब्सन अध्यक्षले शैक्षिक वर्ष २०८० को पारिश्रमिक दिनु पर्ने शिक्षिकालाई उल्टै धम्क्याउन मान्छे लगाउने काम गरेकाले तत्काल माफी मागेर पारिश्रमिक भुक्तानीको वातावरण निर्माण नगरे सशक्त प्रतिकार गर्ने बताएका छन् ।

प्याब्सन भद्रपुर अध्यक्षले सरकारले तोकेको न्यूनतम पारिश्रमिक समेत नदिइ काममा लगाइएकी शिक्षिकाले सहमति अनुसारको तलव माग्दा तलव भुक्तानी गर्न अस्वीकार गरेपछि २०८१ बैशाख १३ गतेबाट सो विद्यालय छोडेर अर्को विद्यालयमा काम गर्न थालेकी थिइन् । २०८० असोजदेखि २०८१ बैशाख १३ गतेसम्म काम गरेको पारिश्रमिक पाउनु पर्ने माग दावी गर्दै श्रम तथा रोजगार कार्यालयमा पुगेकी ती शिक्षिकालाई पारिश्रमिक नदिन प्याब्सनका केही नेता खुलेरै लागिपरिरहेका छन् । उनीहरूकै योजनामा पछिल्लो छलफल बहाना बनाएर सारिएको छ भने उनी कार्यरत विद्यालयका संस्थापक प्रिन्सिपललाई शिक्षिका निकाल्न दवाव दिँदै श्रमको विवाद नमिलाए राम्रो नहुने धम्की दिन थालेको पीडितको गुनासो छ ।

# मोरङमा हात्तीको छावा मृत फेला

झापा(प्रस) । मोरङमा जंगली हात्तीको बच्चा (छावा) मृत फेला परेको छ।

सुन्दरहरैँचा नगरपालिका-६ दुर्गा मन्दिर टोलनजिक भक्तराज लिम्बूको केरा बगानभित्र छावा मृत फेला परेको हो।

भाले जातको छावा बुधबार बिहान ६ बजेतिर मृत अवस्थामा भेटिएपछि स्थानीय र जनप्रतिनिधिले वन कार्यालय तथा प्रहरीलाई खबर गरेका थिए। सब डिभिजन वन कार्यालय लाटीफोडा एवं सब डिभिजन वन कार्यालय सलकपुर र प्रहरी चौकी गछियाको टोली घटनास्थल पुगेको थियो । लाटीफोडा सब डिभिजन



वन कार्यालयका प्रमुख एवं अधिकृत अमृतविलाश पन्तले वन कर्मचारी र प्रहरीको संयुक्त टोली घटनास्थललाई सुरक्षित राखेको जानकारी दिए। उनका अनुसार अन्दाजी ६/७ वर्षको जस्तो देखिने हात्तीको बच्चा केरा बगानभित्र मृत फेला परेको हो। छावाको मृत्यु हुनुको कारण खुल्न बाँकी रहेको पन्तले बताए । यद्यपि, सुँडको छेउमा सामान्य चोट देखिएको छ। शरीरका अन्य भागमा अरु चोटपटक नदेखिएको पन्तको भनाइ छ। उनका अनुसार हात्तीको छावा कसरी व्यक्तिको नम्बरी जग्गाभित्रको केराघारीमा पुग्यो भन्ने यकिन भइसकेको छैन। घटनाको जानकारी कोशी टप्पु वन्यजन्तु आरक्षलाई गराइएको उनले बताए।

घटनाको अनुसन्धान तथा कानुनी प्रक्रिया पूरा गर्न आरक्षको टोली पनि घटनास्थलतर्फ गएको छ। टोलीले छावाको पोस्टमार्टम गरेर अनुसन्धानको प्रक्रिया अघि बढाउने छ। पोस्टमार्टम र थप अनुसन्धानबाट मात्रै मृत्युको कारण यकिन हुने वन अधिकृत पन्तले बताए।

# लागूऔषध दुर्व्यसन र बालश्रमविरुद्ध सचेतना प्रशिक्षण

बिर्तामोड(प्रस) । झापा बिर्तामोडको ग्रिन फिल्ड वर्ल्ड स्कुलमा कार्यशाला गर्दै दुई दिने लागूऔषध दुर्व्यसनसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

बुधवार भएको कार्यक्रममा विद्यार्थीहरुलाई लागूऔषध दुर्व्यसनविरुद्ध र बालश्रमविरुद्ध सचेतना प्रशिक्षण दिइएको थियो । पछिल्लो समय लागूऔषधका कारोबारी र प्रयोगकर्ता बढ्दै गएपछि विद्यालयस्तरबाटै सुधार ल्याउने उद्देश्यका साथ विद्यार्थी लक्षित सचेतना कार्यक्रम गरिएको हो ।

झापा टुडे मिडिया प्रालिको आयोजना, बिर्तामोड नगरपालिका वडा नम्बर १ को आर्थिक सहयोग तथा इलाका प्रहरी



कार्यालय अनारमनीको सहकार्यमा सचेतना कार्यक्रम गरिएको हो । कार्यक्रमको पहिलो दिन बिर्तामोड-१ मा रहेका वाल्मीकि एजुकेसन फाउन्डेसन र मनकामना सेकेन्डरी स्कुलका विद्यार्थीहरुबीच कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा ग्रिन फिल्ड वर्ल्डबाट ११० जना, वाल्मीकिबाट १७१ जना र मनकामनाबाट १४३ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

बुधवार भएको समापन कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड वडा नम्बर १ का वडा अध्यक्ष अग्निप्रसाद पाण्डे र ग्रिन फिल्ड वर्ल्ड स्कुलकी निर्देशक मनिषा बस्नेतले कार्यक्रम उपलब्धिमुलक भएको बताएका थिए ।

झापा टुडेका अध्यक्ष तथा सम्पादक हिमाल खरेलको अध्यक्षतामा भएको सचेतना कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक नरेश लिम्बूले प्रशिक्षण दिएका थिए । कार्यक्रमको सञ्चालन झापा टुडेकी निर्देशक तथा समाचार प्रमुख विनिशा शर्माले गरेकी थिइन् ।

कार्यक्रमपछि विद्यार्थीहरु लुना ओली र सोफिया प्रसाईंले यस्ता कार्यक्रमले आफूहरुमा धेरै ज्ञान प्राप्त भएको अनुभव सुनाएका थिए ।

# अपाङ्गता भएका व्यक्तिको घरमै स्वास्थ्य जाँच

झापा(प्रस) । शारीरिक अवस्थाकै कारण स्वास्थ्य संस्थासम्म जान नसकेका रोङ गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरूको घर-घरमै पुगेर स्वास्थ्य परीक्षण गरिएको छ । स्वास्थ्य परीक्षणसहित अपाङ्गता भएका व्यक्तिका लागि प्रयोगमा रहेका रातो, निलोसहितका कार्डहरू र विभिन्न सामग्री समेत हस्तान्तरण गरिएको रोङ गाउँपालिका उपाध्यक्ष विष्णुमाया भुजेलले बताइन् ।



गाउँपालिकाले हरेक सार्वजनिक बिदाको दिनको सदुपयोग गर्दै मेची अस्पतालका डाक्टर नवीन भुजेलसहित गाउँपालिकाको टोलीले स्वास्थ्य सहित अन्य सेवा उपलब्ध गराएको हो । रोङका सबै वडामा रहेका अपाङ्गता भएका व्यक्तिका घर-घरमै पुगेर उनीहरूको आवश्यकता अनुसार ह्वील चेयर र स्लिपिङ ब्यागसमेत हस्तान्तरण गरिएको गाउँपालिका उपाध्यक्ष भुजेल बताउँछिन् ।

गाउँपालिकाले यो वर्ष चार लाख रुपैयाँ बराबरको सामग्री अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराएको बताइएको छ । रोङमा तीन सय ६५ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । यीमध्ये ३६ जना रातो कार्ड भएका र ६५ जना सेतो कार्ड भएका व्यक्तिहरू रहेको जनाइएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१(

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ